# समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड,
## केन्द्रीय कार्यालय बनेपा-७, काभ्रेपलाञ्चोक
## आर्थिक वर्ष २०८०/०८१ को,
## "एघारौं वार्षिक साधारण सभाको निर्णय माईन्युट"

**१. वैधानिक सभा :**

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८१/१०/१० गते बिहिवारको दिन बसेको सञ्चालक समितिको १७०औं बैठकको निर्णयानुसार कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियामावलीमा भएको व्यवस्था बमोजिम संस्थाको आर्थिक वर्ष २०८०/०८१ को एघारौं वार्षिक साधारण सभा सञ्चालक समितिको अध्यक्ष श्री डम्मर मणि थेवे लिम्बु ज्यूको सभापतित्वमा निम्न मिति, स्थान र समयमा देहाय बमोजिम सु-सम्पन्न गरियो ।

**२. सभाको स्थान, मिति र समय :**

मिति : २०८१ साल फागुन महिनाको ११ गते आइतवार, तदनुसार फेब्रुअरी २३, २०२५
समय : बिहान ११:३० बजे
स्थान : मिराबेल रिसोर्ट एण्ड होटल, धुलिखेल, काभ्रेपलाञ्चोक

**३. सभाको सूचना प्रकाशन :**

३.१ यस वित्तीय संस्थाको नियमावलीको नियम १८ (३) र कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम सभा हुने मिति, समय, स्थान र छलफलको विषयको सूचना शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रथम पटक मिति २०८१/१०/१५ गते **"आर्थिक अभियान"** राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो। यसै गरी यस सभा सम्बन्धी दोस्रो पटक मिति २०८१/११/०१ गते **"आर्थिक अभियान"** राष्ट्रिय दैनिक पत्रिकामा समेत सभा हुने जानकारी सहितको सूचना प्रकाशित गरिएको थियो ।

३.२ यस वित्तीय संस्थाको सभा सम्बन्धी जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयलाई मिति २०८१/१०/१५ गते र कम्पनी ऐन २०६३ बमोजिमको दफा ७८ अनुसारको आर्थिक वर्ष २०८०/०८१ को प्रमाणित विवरण नियमानुसार साधारण सभा हुनु भन्दा कम्तिमा २१ दिन अगावै अद्यावधिक गर्नुपर्ने प्रावधान बमोजिम मिति २०८१/०९/२६ गते नै कम्पनी रजिष्ट्रार कार्यालयको आधिकारिक वेबसाइट www.ocr.gov.np मा अपलोड गरिएको व्यहोरा कम्पनी सचिव श्री विश्वराज श्रेष्ठ ज्यू बाट जानकारी भयो ।

३.३ यस वित्तीय संस्थाको एघारौं वार्षिक साधारण सभा प्रयोजनको लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८१/१०/२३ गते सम्म कारोबार भई मिति २०८१/१०/२४ गते सम्म शेयर रजिष्ट्रार श्री आरविवि मर्चेन्ट बैंकिङ लिमिटेडमा प्राप्त भएको नामसारी लिखतको आधारमा कम्पनीको शेयर दर्ता पुस्तिकामा कायम रहेको शेयरधनी महानुभावहरुको घर ठेगानामा वार्षिक प्रतिवेदन, आ.व. २०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण पठाउन संभव नदेखिएको कारण कम्पनीको वार्षिक प्रतिवेदन तथा आर्थिक विवरण साथै सभाको सूचना यस संस्थाको वेवसाइट www.samata.org.np मा राखिएको साथै कम्पनीको केन्द्रीय कार्यालयबाट समेत प्राप्त गर्न सकिने व्यवस्था गरिएको व्यहोरा सभामा अवगत गराईएको थियो ।

**४. सभामा छलफल गरिने विषयहरुको सूची प्रस्तुत :**

कम्पनी सचिव श्री विश्वराज श्रेष्ठले पूर्व सूचित सूचना अनुसार सभामा देहाय बमोजिम छलफलका बिषयहरु रहेको स्मरण गराउदै विषय सूचीहरु बाचन गर्नुभयो ।

क. **सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूद्वारा प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२. आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सो सँग सम्वन्धीत अनुसूचीहरु पारित गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ (२) तथा कम्पनी ऐन, २०६३ को दफा १११ (३) अनुसार लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८१/०८२ को बाह्य लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गर्ने । (हालको बाह्य लेखापरीक्षक एस एण्ड एस एसोसियट्स पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ)

४. आर्थिक बर्ष २०८१/०८२ को वार्षिक कार्यक्रम, योजना तथा बजेट उपर छलफल तथा अनुमोदन गर्ने ।

५. वित्तीय संस्थाको सञ्चालक समितिमा १ जना महिला सञ्चालक सहित जम्मा ६ जना सञ्चालकहरु मध्ये संस्थापक समुहबाट प्रतिनिधित्व गर्ने ४ जना र सर्वसाधारण समुहबाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

६. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०८०/०८१ सम्मको वितरणयोग्य मुनाफाबाट हाल कायम कुल चुक्ता पूँजी रु. ५९,९०,९६,७२८/- को ०.२६३१५७९० प्रतिशतले हुन आउने रकम (कर प्रयोजनको लागि) रु. १५,७६,५७०.३७ (अक्षरेपी पन्ध्र लाख छेहत्तर हजार पाँच सय सत्तरी दशमलव तिन सात मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

ख. **विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०८०/०८१ सम्मको वितरणयोग्य मुनाफाबाट हाल कायम कुल चुक्ता पूँजी रु. ५९,९०,९६,७२८/- को ५ प्रतिशतले हुन आउने रकम रु. २,९९,५४,८३६.४२ (अक्षरेपी दुई करोड उनान्सय लाख चौवन्न हजार आठ सय छत्तिस दशमलव चार दुई मात्र) बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।

२. वित्तीय संस्थाले कारोवार संचालन गरेको दश वर्ष पुगेको संस्थापक शेयरधनीहरुको संस्थापक शेयर सर्वसाधारण शेयरमा परिणत गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट पूर्व स्वीकृति प्राप्त भए बमोजिम संस्थापक शेयर सर्वसाधारण शेयरमा परिवर्तन गर्ने तथा परिवर्तन पश्चात् कायम हुने शेयर पुँजी संरचना अनुपात संशोधन प्रस्ताव पारित गर्ने ।

३. संचालक समितिका अध्यक्ष तथा संचालकहरुले पाउने भत्ता तथा सुविधा सम्बन्धमा संस्थाको नियमावलीमा संशोधन तथा थप गर्ने प्रस्ताव पारित गर्ने ।

४. वित्तीय संस्थाको प्रवन्धपत्रको दफा ४ र ५ मा वित्तीय संस्थाको उद्देश्य र उद्देश्य प्राप्त गर्न गरिने कार्यहरु थप गर्ने ।

५. अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिशन) सम्वन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र गाभ्ने/गाभिने वा प्राप्ति सम्वन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

६. वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावलीमा आवश्यक संशोधन र सो संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

ग. **विविध**

**५. उपस्थितिहरु :**

**५.१ सञ्चालकहरुको उपस्थिति :**

| क्र.सं. | नाम | पद | समूह | शेयर कित्ता |
|---|---|---|---|---|
| १. | श्री डम्मर मणि थेवे लिम्बु | अध्यक्ष | संस्थापक | १,४७,८१९ कित्ता |
| २. | श्री राजेश्वर प्रसाद आचार्य | सञ्चालक | संस्थापक | ६६,७९७ कित्ता |
| ३. | श्री हरि बहादुर भण्डारी | सञ्चालक | संस्थापक | १,७८,८३५ कित्ता |

| क.सं. | नाम | पद | समूह | शेयर कित्ता |
|---|---|---|---|---|
| ४. | श्री भक्तराम खडका | सञ्चालक | सर्वसाधारण | १,२६७ कित्ता |
| ५. | श्री अनुपा ओझा | सञ्चालक | सर्वसाधारण | १८३ कित्ता |
| ६. | श्री निरंजन पराजुली | सञ्चालक | स्वतन्त्र | ० कित्ता |

५.२ कार्यरत कर्मचारीहरुको उपस्थिति :

| क.स | कर्मचारीहरुको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री डा. मदन घिमिरे | प्रमुख कार्यकारी अधिकृत | समता घरेलु लघुवित्त वित्तीय संस्था लि., बनेपा, काभ्रे |
| २ | श्री देव सिह विष्ट | नायव प्रमुख कार्यकारी अधिकृत | |
| २ | श्री विश्वराज श्रेष्ठ | बरिष्ठ प्रबन्धक/कम्पनी सचिव | |
| ३ | श्री निरज कुमार शाह | प्रमुख-वित्त विभाग | |
| ४ | श्री राजकुमार सुवेदी | प्रमुख- अनुगमन तथा सुपरिवेक्षण विभाग | |
| ५ | श्री ईश्वरी प्रसाद ढकाल | प्रमुख- कर्जा विभाग | |
| ६ | श्री टेक बहादुर रोका | प्रमुख- जोखिम तथा असुली विभाग | |
| ७ | श्री तिलकराम भण्डारी | प्रमुख-जनशक्ति/प्रशासन विभाग | |
| ८ | श्री पदम प्रसाद घिमिरे | प्रमुख-लेखा विभाग | |
| ९ | श्री बैजनाथ राम | कर्जा विभाग | |
| १० | श्री श्रीराम मगर | जोखिम तथा असुली विभाग | |
| ११ | श्री मदन चोहान | कर्जा विभाग | |
| १२ | श्री रोशनी श्रेष्ठ | जोखिम तथा असुली विभाग | |
| १३ | श्री प्रविन अधिकारी | आईटि विभाग | |
| १४ | श्री सुशिल महत | जोखिम तथा असुली विभाग | |
| १५ | श्री संगिता तिमल्सिना | जनशक्ति विभाग | |
| १६ | श्री उर्मिला तामाङ | प्रशासन विभाग | |
| १७ | श्री सरिस्ता श्रेष्ठ | कर्जा विभाग | |
| १८ | श्री सेनान गुरुङ | प्रशासन विभाग | |
| १९ | श्री रस्मिला थापा | लेखा विभाग | |
| २० | श्री शसांक गुरुङ | प्रशासन विभाग | |
| २१ | श्री रेनुका कर्मचार्य | आईटि विभाग | |
| २२ | श्री सुवास श्रेष्ठ | आईटि विभाग | |
| २३ | श्री दिनेश कोइराला | सवारी चालक | |
| २४ | श्री अप्सरा सुवेदी | कार्यालय सहयोगी | |

**५.३ अन्य पर्यवेक्षकहरुको उपस्थिति : आवश्यक नभएको**

**५.४ वित्तीय संस्थाको शेयर रजिष्ट्रारको तर्फबाट उपस्थिति :**

| क.स | शेयर रजिष्ट्रार प्रतिनिधिको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री बद्री प्रसाद प्याकुरेल | प्र.का.अ. | आरविवि मर्चेन्ट बैंकिङ लिमिटेड |
| २ | श्री अर्जुन भट्टराई | सहायक प्रवन्धक | आरविवि मर्चेन्ट बैंकिङ लिमिटेड |

**५.५ निर्वाच अधिकृत तथा सहायक निर्वाचन अधिकृतको उपस्थिति :** श्री अमर थापा, बरिष्ठ अधिवक्ता
श्री राजाराम घिमिरे, अधिवक्ता

## ५.६ शेयरधनीहरुको विवरण र उपस्थिति संख्या :

| १ | कम्पनीको जम्मा शेयरधनी संख्या | उपस्थिति संख्या |
|---|---|---|
| १.१ | संस्थापक शेयरधनी संख्या | १८० |
| १.२ | सर्वसाधारण शेयरधनी संख्या | ६७,९६५ |
| २ | **जम्मा शेयरधनीहरु मध्ये सभामा उपस्थिति शेयरधनी संख्या :** | **६८,१४५** |
| २.१ | **संस्थापक शेयरधनीहरुबाट उपस्थिति शेयरधनी संख्याको विवरण** | |
| | सभा स्थलमा स्वयम् उपस्थिति संख्या | २५ |
| | प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थिति संख्या | ११२ |
| २.२ | **सर्वसाधारण शेयरधनीहरुबाट उपस्थिति शेयरधनी संख्या** | |
| | सभा स्थलमा स्वयम् उपस्थिति संख्या | १०० |
| | प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थिति संख्या | ४१ |
| | **जम्मा उपस्थिति संख्या** | **२७८** |

## ६. सभाको वैधानिकता :

### ६.१ गणपुरक संख्या :

यस वार्षिक साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा मिति २०८१/११/२४ गतेसम्म कायम शेयरधनी तथा निजहरुले धारण गरेको शेयरको विवरण यस प्रकारको रहेको छ ।

| क्र.स. | शेयरधनी | शेयरधनी संख्या | शेयर कित्ता | कैफियत |
|---|---|---|---|---|
| १ | संस्थापक शेयरधनी | १८० | ४१,६२,३६३.६४ | |
| २ | सर्वसाधारण शेयरधनी | ६७,९६५ | १८,२८,६०३.६४ | |
| | **जम्मा** | **६८,१४५** | **५९,९०,९६७.२८** | |

कम्पनी ऐन २०६३ को दफा ७३ (२) तथा कम्पनीको नियमावलीमा भएको व्यवस्था बमोजिम वार्षिक साधारण सभा संचालनको लागि आवश्यक गणपुरक संख्या कम्पनीको कुल चुक्ता पूँजी शेयर संख्याको ५० प्रतिशत भन्दा बढीको उपस्थिति *(कम्पनीको शेयरधनीहरु सभा स्थलमा स्वयम् वा प्रोक्सी प्रतिनिधि मार्फत भएको उपस्थित शेयरधनीहरुले ग्रहण गरेको शेयरहरुको संख्या)* हुनुपर्ने प्रावधान रहेकोमा देहाय बमोजिम शेयरधनी समुहहरुको प्रतिनिधित्व रहेको व्यहोरा कम्पनी सचिव श्री विश्वराज श्रेष्ठ बाट अवगत भयो ।

| विवरण | कूल संख्या | शेयरधनी संस्थापक र सर्वसाधारण | | |
|---|---|---|---|---|
| | | सभा हलमा स्वयमं उपस्थिति | प्रतिनिधि (प्रोक्सी) | जम्मा |
| **कम्पनीको शेयरधनी संख्या** | ६८,१४५ | १२५ | १५३ | २७८ |
| **कम्पनीको शेयर कित्ता** | ५९,९०,९६७.२८ | १३,१५६९८.०४ | २३,७८,७०९.२१ | ३६,९४,४०७.२४ |
| **संस्थापक समूह** | | | | |
| शेयरधनी संख्या | १८० | २५ | ११२ | १३७ |
| शेयर कित्ता | ४१,६२,३६३.६४ | १३,०१५३९.११ | २२,९७,९१५.३१ | ३५,९९,४५४.४२ |
| **सर्वसाधारण समूह** | | | | |
| शेयरधनी संख्या | ६७,९६५ | १०० | ४१ | १४१ |
| शेयर कित्ता | १८,२८,६०३.६४ | १४,१५८.९३ | ८०,७९३.८९ | ९४,९५२.८२ |
| **प्रतिनिधित्व प्रतिशत** | | | | ६१.६७ % |

यस साधारण सभामा कुल शेयर संख्याको **६१.६७ प्रतिशत** शेयरको प्रतिनिधित्व हुने गरी शेयरधनीहरुको उपस्थिति रहेको हुनाले सभामा कम्पनी ऐन २०६३ को दफा ७३ मा भएको व्यवस्था बमोजिम गणपुरक संख्या पुरा भएको साथै सोही ऐनको दफा ६९ बमोजिम सभाले बैधानिकता प्राप्त गरेको व्यहोरा कम्पनी सचिव श्री विश्वराज श्रेष्ठद्वारा सभामा जानकारी भयो ।-

**७. आसन ग्रहण :**

७.१ सभामा उपस्थित रहनु भएका कम्पनीका अध्यक्ष श्री डम्मर मणि थेवे लिम्वु ज्यू, अथिति श्री बद्री प्रसाद प्याकुरेल ज्यू, अथिति साविक मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लि. को अध्यक्ष श्री अजय गोयनका, अथिति बरिष्ठ अधिवक्ता श्री अमर थापा, अथिति अधिवक्ता श्री राजाराम घिमिरे र सञ्चालकहरु क्रमशः श्री राजेश्वरप्रसाद आचार्य ज्यू, श्री हरि बहादुर भण्डारी ज्यू, श्री भक्तराम खड्का ज्यू, श्री अनुपा ओझा ज्यू र श्री निरंजन पराजुली ज्यू स्वयम् सभा स्थलमा उपस्थित भई डयासमा आसन ग्रहण गर्नु भएको थियो ।

७.२ कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री डा. मदन घिमिरे ज्यू र कम्पनीका बरिष्ठ पदाधिकारीहरुलाई आसन ग्रहण गराईएको थियो ।

७.३ नियामक निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्डका प्रतिनिधि ज्यूहरुलाई सभामा सहभागिता जनाउन र आसन ग्रहण गर्नका लागि अनुरोध गरिएको थियो ।

७.४ सभा स्थलमा स्वयम् उपस्थित हुनुभएको सम्पूर्ण शेयरधनी महानुभावहरु, पत्रकार साथीहरु लगायत अन्य आमान्त्रित महानुभावहरुलाई आ-आफ्नो स्थानमा आसन ग्रहण गर्नका लागि अनुरोध गरिएको थियो ।

**८. सभाको सभापतित्व तथा सभा सञ्चालन :**

कम्पनी ऐन २०६३ को दफा ७४ (१) तथा कम्पनीको नियमावलीमा भएको व्यवस्था बमोजिम साधारण सभाको सभापतित्व कम्पनीको अध्यक्ष श्री डम्मर मणि थेवे लिम्बु ज्यूले गर्नु भई निर्धारित कार्यतालिका बमोजिम सभाको कारवाही प्रक्रिया अगाडि बढाउन कम्पनी सचिव श्री विश्वराज श्रेष्ठलाई अनुमति प्रदान गर्नु भयो । तत्पश्चात् सभाका सभापति श्री डम्मर मणि थेवे लिम्वु ज्यूबाट पानसमा बत्ती प्रज्वलित गरी सभाको समुद्घाटन गर्दै सभाको कार्यक्रम अगाडी बढाउने कार्य भयो ।

**९. स्वागत मन्तव्य तथा शुभकामना व्यक्त :**

यस संस्थाका संचालक श्री राजेश्वर प्रसाद आचार्य ज्यूले सभामा उपस्थित अतिथिहरु, सञ्चालक समितिका सदस्य, संस्थापक तथा सर्वसाधारण शेयरधनी एवं सभामा उपस्थित अन्य आमन्त्रित महानुभावहरुलाई स्वागत मन्तब्य राख्नु भएको थियो ।

**१०. संस्थाको वार्षिक प्रतिवेदन सहित पूर्व सूचित सामान्य तथा विशेष प्रस्तावहरु प्रस्तुत :**

यस गरिमामय सभाको काम-कारवाही शुरु गर्ने क्रममा सञ्चालक समितिका तर्फबाट अध्यक्ष श्री डम्मर मणि थेवे लिम्बु ज्यूले शेयरधनी महानुभावहरुलाई सम्बोधन तथा स्वागत गर्दै सञ्चालक समितिको वार्षिक प्रतिवेदन पढेर सुनाउनु भयो । त्यसपछि लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ असार मसान्तसम्मको वासलात तथा २०८० श्रावण १ देखि २०८१ असार मसान्तसम्मको नाफा/नोक्सान हिसाब र सो अवधिको नगद प्रवाह विवरण सभा समक्ष छलफल गरी निर्णयको रुपमा पारित गर्नका लागि प्रस्तुत गर्नुभयो । आ.व. २०८०/०८१ मा संस्थाले गरेको प्रगति तथा आ.व. २०८१/०८२ को भावी योजना तथा कार्यक्रमहरुको बारेमा विवरण प्रस्तुत गरी पारित गरिदिन हुनको लागि अनुरोध गर्नुभयो साथै पूर्व सूचित सामान्य तथा विशेष प्रस्तावहरु बारे जानकारी गराउदै अनुमोदनको लागि समेत अनुरोध गर्नु भयो । अन्त्यमा, धन्यवाद



Samata Gharelu Laghubitta Bittiya Sanstha Limited Estd. 2070 Sanepa, Kavre

ज्ञापन गर्नु हुँदै शेयरधनी महानुभावहरुको तर्फबाट कुनै जिज्ञासा तथा प्रतिक्रिया भए व्यक्त गर्नका लागि समय प्रदान गर्नु भयो ।

**११. शेयरधनीको तर्फबाट गरिएको मन्तब्य, जिज्ञासा एवं सूझाव**

शेयरधनी महानुभावहरुको तर्फबाट सभामा प्रस्तुत तथा इमेल मार्फत प्राप्त सुझावहरु मध्ये २ जना शेयरधनी महानुभावहरुको मन्तब्य, जिज्ञासा एवं सूझाव तपसिल बमोजिम राख्नु भयो ।

**क) श्री चन्द्र नारायण श्रेष्ठ - सर्वसाधारण शेयरधनी**

११.१. लघुवित्त क्षेत्रमा देखिएको विषम परिस्थिति तथा बाह्य दवावको बाबजुद वितरणयोग्य मुनाफाबाट नगद लाभांश र बोनश शेयर वितरण गर्न लागेकोमा धेरै धेरै धन्यवाद व्यक्त गर्दै आगामी वर्षबाट वासलातमा थप सुधार ल्याई वितरणयोग्य मुनाफाबाट प्रतिफल दिने गरी बलियो बाचा गर्नुपर्नेमा जोड दिनु भयो ।

**ख) श्री निरुपमा गुप्ता - सर्वसाधारण शेयरधनी**

११.२. वित्तीय संस्थाको गरिमामय दशौं वार्षिक साधारण सभाको सफलताको शुभकामना दिनु हुँदै आर्थिक वर्ष २०८०/०८१ को प्रमुख वित्तीय सूचकहरु सन्तोषजनक देखिएका भएता पनि विगतमा यस वित्तीय संस्थाले Double Digit मा शेयरधनीहरुलाई लाभांश वितरण गर्दै आईरहेकोमा यो वर्ष Single Digit मा मात्र लाभांश वितरण गर्ने घोषणा गर्दा शेयरधनीहरुलाई दुःख लाग्नु स्वभाविक भएको भएता पनि आगामी वर्ष देखि Double Digit मा लाभांस वितरण गर्ने गरि कार्यान्वयन प्रक्रिया अघि बढाउँनु हुन साथै बढ्दै गईरहेको निष्क्रिय कर्जा अनुपातलाई थप व्यवस्थित गर्दै सो अनुपातलाई क्रमिक रुपमा घटाउँदै लैजानको लागि वित्तीय संस्थालाई सूझाव सहितको आफ्नो मन्तव्य राख्नु भयो ।

**१२. सञ्चालक समितिको तर्फबाट जिज्ञासा र सुझाव बारे जानकारी :**

सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति ज्यूले शेयरधनी महानुभावहरुबाट आएको जिज्ञासा तथा सुझावंलाई संस्थाको हितमा शेयरधनीबाट भएको सकरात्मक धारणाको प्रशंसा गर्दै बुँदागत रुपमा प्रष्ट पार्नुभयो ।

१२.१.सुझावको लागि श्री चन्द्र नारायण श्रेष्ठ ज्यूलाई हार्दिक धन्यवाद दिनु हुँदै हालको अवस्थामा वितरणयोग्य मुनाफा बृद्धि गरी शेयरधनीहरुलाई आकर्षण लाभांश वितरण गर्न अत्यन्त चुनौतीपूर्ण देखिएको भएता पनि यस तर्फ सञ्चालक समिति तथा व्यवस्थापन पक्ष गम्भिर भई संस्थाको मुख्य वित्तीय सूचकहरुमा आवश्यक सुधारको लागि उच्च प्राथमिकतासाथ अघि बढ्ने व्यहोरा जानकारी गराउनु भयो ।

१२.२. सूझावको लागि निरुपमा गुप्ता ज्यूलाई हार्दिक धन्यवाद दिनु हुँदै समिक्षा अवधिमा वित्तीय बजारमा देखिएको चरम तरलताको अभाव साथै हाल लघुवित्त क्षेत्रमा विभिन्न अराजक समुहहरुबाट फिल्ड गतिविधिमा पुऱ्याउँदै आईरहेको समस्याको कारण लक्ष्य अनुसार वित्तीय संस्थाले प्रगति हासिल गर्न चुनौति सिर्जना भएको र सोहि कारण निष्क्रिय कर्जाको अनुपातमा समेत तुलनात्मक रुपमा केहि बृद्धि भएको देखिन आएको भएता पनि हाल आएर फिल्ड गतिविधिमा केहि सुधार देखिए सँगै आगामी बर्ष देखि शेयरधनीहरुको हितलाई मध्यनजर गर्दै आकर्षण लाभांश वितरणमा वित्तीय संस्था प्रयत्नरत रहने व्यहोरा जानकारी गराउँनु भयो ।

सभामा उठेको जिज्ञासा र सुझावहरुका सम्बन्धमा सञ्चालक समितिका सदस्य तथा सभाका सभापति ज्यूले जवाफ दिनुभए पछि सभाको साधारण तथा विशेष प्रस्ताव उपर छलफल तथा निर्णयका लागि सभापति ज्यूद्वारा सभामा अनुरोध गरियो ।

**१३. सभाबाट भएको निर्णयहरु :**

यस सभामा शेयरधनी महानुभावहरुले दिनु भएको अमुल्य सूझाव, सल्लाहलाई संस्थाले उच्च प्राथमिकतामा राखि कार्यान्वयन गर्दै लैजाने प्रतिबद्धता व्यक्त गर्दै आजको सभामा प्रस्तुत पूर्व सूचित प्रस्तावहरुलाई क्रमश: पारित गरिदिन सभापति ज्यूले अनुरोध गर्नुभयो -। सबै प्रस्तावहरु उपर सभाका शेयरधनी महानुभावहरुले देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

**क. निर्धारित सामान्य प्रस्तावहरु तथा सो उपर भएको निर्णयहरु :**

**१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूद्वारा प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।**

निर्धारित विषयसूची नं. ४(क.१) मा भएको प्रस्ताव अनुसार सञ्चालक समितिको आर्थिक वर्ष २०८०/०८१ को सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूद्वारा प्रस्तुत वार्षिक प्रतिवेदनमा समेटिएको विवरणहरु निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रतिवेदन उपस्थित शेयरधनी महानुभावहरुले प्रशंसा सहित ध्वनीमतले पारित गरियो ।

**२. आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सो सँग सम्वन्धीत अनुसूचीहरु पारित गर्ने ।**

निर्धारित विषयसूची नं. ४(क.२) मा भएको प्रस्ताव अनुसार कम्पनीको बाह्य लेखापरीक्षक श्री एस एण्ड एस एसोसिएट्सका सिए सुधिर कुमार शर्माद्वारा प्रमाणित आर्थिक वर्ष २०८०/०८१ को नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार तयार पारिएको वित्तीय विवरणहरु पारित गर्नको लागि निर्णयार्थ प्रस्तुत भएकोमा सो वित्तीय विवरण तथा प्रतिवेदनहरु सभाद्वारा सर्वसम्मतिले पारित गरियो ।

**३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ (२) तथा कम्पनी ऐन, २०६३ को दफा १११ (३) अनुसार लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८१/०८२ को बाह्य लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गर्ने । (हालको बाह्य लेखापरीक्षक एस एण्ड एस एसोसियट्स पुन: नियुक्तिको लागि योग्य हुनुहुन्छ)**

निर्धारित विषयसूची नं. ४(क.३) मा भएको प्रस्ताव अनुसार कम्पनीको आर्थिक वर्ष २०८१/०८२ को लागि बाह्य लेखापरीक्षकको नियुक्ति गर्न संस्थाको लेखापरीक्षण समितिबाट सिफारिस भई सञ्चालक समितिले समेत उचित ठहराए बमोजिम बाह्य लेखापरीक्षक श्री सुधीर कुमार शर्मा, S & S Associates, Chartered Accountants, Kathmandu लाई नियुक्त गर्ने र निजलाई कम्पनीको वैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, विस्तृत लेखापरीक्षण प्रतिवेदन (LFAR) तथा कम्पनी ऐनको दफा ७८ को विवरण प्रमाणिकरण शुल्क बापत भ्याट बाहेक रु. ३,००,०००/-(अक्षरेपी तिन लाख रुपैया मात्र), लेखापरीक्षण अवधिमा मुख्य लेखापरीक्षकलाई दैनिक भत्ता रु. ३,५००/- (अक्षरेपी तिन हजार पाँच रुपैया मात्र), लेखापरीक्षण कार्यमा संलग्न अन्य पदाधिकारीहरुलाई दैनिक भत्ता रु. १,४००/- (अक्षरेपी एक हजार चार सय मात्र) र स्थलगत यातायातको बास्तविक खर्च अनुसार प्रदान गर्ने प्रस्ताव सभाद्वारा सर्वसम्मतिले पारित गरियो ।

**४. आर्थिक बर्ष २०८१/०८२ को वार्षिक कार्यक्रम, योजना तथा बजेट उपर छलफल तथा अनुमोदन गर्ने ।**

निर्धारित विषयसूची नं. ४(क.४) मा भएको प्रस्ताव अनुसार कम्पनीको सञ्चालक समितिबाट नियमानुसार स्वीकृत आर्थिक वर्ष २०८१/०८२ को प्रस्तुत वार्षिक कार्यक्रम, योजना तथा बजेट अनुसार लक्ष्य प्राप्तिको लागि बाँकी समयावधिमा हाल लघुवित्त कार्यक्रम विरोधी समुहको कारण कर्जा लगानी तथा असुलीमा समस्याहरु देखिने संभावना भईरहँदा निर्धारित लक्ष्य अनुसार प्रगति



Samata Gharelu Laghubitta Bittiya Sanstha Ltd.
Estd.2070
Banepa, Kavre

हासिल हुन केही कठिनाई हुने हो कि भन्ने मनशाय सहित सभाद्वारा ध्वनीमतले अनुमोदन गरियो । जसमा ९१ वटा शाखा कार्यालयहरु मार्फत कुल लगानीमा रहेको कर्जा रु. ५ अर्ब ९० करोड, निक्षेप संकलन रु. १ अर्ब ९० करोड पुऱ्याउने लक्ष्य सहित कुल आम्दानी रु. ८२ करोड १७ लाख र कुल खर्च रु. ६४ करोड ६० लाख हुने गरी खुद मुनाफा रु. ११ करोड ६ लाख आर्जन गर्ने गरी योजना गरिएको बजेट तथा अन्य गैर वित्तीय क्रियाकलापहरु अन्तर्गत ग्राहक सदस्यहरुको क्षमता अभिवृद्धिको लागि विभिन्न किसिमको सीपमूलक तथा अभिमुखिकरण कार्यक्रमहरु संचालन गर्ने प्रस्तावित योजना तथा कार्यक्रमहरु समेत समेटिएको छ ।

**५. वित्तीय संस्थाको सञ्चालक समितिमा १ जना महिला सञ्चालक सहित जम्मा ६ जना सञ्चालकहरु मध्ये संस्थापक समुहबाट प्रतिनिधित्व गर्ने ४ जना र सर्वसाधारण समुहबाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।**

निर्धारित विषयसूची नं. ४(क.५) मा भएको प्रस्ताव अनुसार यस वित्तीय संस्थाले मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरी मिति २०८१ असार २४ गते देखि एकीकृत वित्तीय कारोवार संचालन गरेको र प्राप्ति (एक्विजिशन) पछिको पहिलो वार्षिक साधारण सभाबाट वित्तीय संस्थाको नियमावलीमा भएको व्यवस्था बमोजिम निर्वाचनको माध्यमबाट सञ्चालकहरु नियुक्त हुने व्यवस्था गर्नु हुन भनि नेपाल राष्ट्र बैंकबाट प्राप्ति प्रयोजनको लागि अन्तिम स्वीकृति प्रदान गर्दाको बखत निर्देशन भएको र वित्तीय संस्थाको हाल कायम शेयर संरचना अनुपात ६९.४८ : ३०.५२ (संस्थापक : सर्वसाधारण) मा आवश्यक परिमार्जन हुने गरी संस्थापक शेयर सर्वसाधारण शेयरमा परिवर्तन गर्ने प्रक्रिया अघि बढाउन नियमानुसार नेपाल राष्ट्र बैंकबाट शेयर संरचना अनुपात ६३.८७ : ३६.१३ (संस्थापक : सर्वसाधारण) कायम हुने गरी पुर्व स्वीकृती प्राप्त भएकोमा संशोधित शेयर संरचना अनुपातको आधारमा सञ्चालकहरुको प्रतिनिधित्वलाई मध्यनजर गर्दा संस्थापक समुहबाट ४ जना र सर्वसाधारण समुहबाट २ जना प्रतिनिधित्व कायम हुने देखिए बमोजिम वित्तीय संस्थाको नियमावलीको नियम २७ मा भएको हालको व्यवस्थामा समेत सोही अनुसार प्रतिनिधित्व हुने गरी संचालकहरु तोकिएको हुँदा उल्लेखित व्यवस्था बमोजिम १ जना महिला सञ्चालक सहित जम्मा ६ जना सञ्चालकहरु मध्ये संस्थापक समुहबाट प्रतिनिधित्व गर्ने ४ जना र सर्वसाधारण समुहबाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको निर्वाचन गर्नुपर्ने प्रस्ताव बमोजिम संस्थाको नियमावली तथा संचालक निर्वाचन निर्देशिका २०७८ मा भएको व्यवस्था बमोजिम संचालक निर्वाचन सम्बन्धी प्रक्रिया नियमानुसार अघि बढाईएकोमा निर्धारित निर्वाचन कार्यतालिका बमोजिम तोकिएको समयावधि भित्र संस्थापक समुहमा आवश्यक ४ जना मध्ये ४ जना उम्मेदवारहरुको मात्र उम्मेदवारी प्राप्त भएको साथै सर्वसाधारण समुहमा समेत आवश्यक २ जना मध्ये २ जनाको मात्र उम्मेदवारी प्राप्त भएकोमा निर्धारित समयावधि भित्र निजहरु उपर कुनै पनि किसिमको दावी विरोध उजुरी प्राप्त नभए बमोजिम निर्वाचन अधिकृत श्री अमर थापा (बरिष्ठ अधिवक्ता) ले तपसिल बमोजिमको पदाधिकारीहरु निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्दै नियमानुसार उक्त निर्वाचित पदाधिकारीहरु प्रचलित ऐन, कानून बमोजिम संचालक पदमा नियुक्तिको लागि योग्य भए नभएको ठहर गर्दै योग्य निर्वाचित पदाधिकारीहरु मध्ये एक जनालाई अध्यक्ष पदमा चयन गरी आगामी चार वर्षको लागि वित्तीय संस्थाको सञ्चालक समिति गठन गर्ने साथै प्रचलित ऐन, कानून तथा निर्देशनहरु बमोजिम संस्थागत काम कारवाही प्रक्रिया अघि बढाउने गरी अख्तियार प्रत्यायोजन गर्ने निर्णय समेत सभाद्वारा सर्वसम्मतिले पारित गरियो ।

Samata Gharelu Laghubitta Bittiya Sanstha Ltd. Estd. 2070 Banepa, Kavre

तपसिल :

| क.सं. | पद | निर्वाचित सञ्चालकको नाम थर | ठेगाना | प्रतिनिधित्व समुह |
|---|---|---|---|---|
| १ | सञ्चालक | श्री डम्मर मणि थेवे लिम्बु | जीतपुरसिमरा-१, बारा | संस्थापक |
| २ | सञ्चालक | श्री राजेश्वर प्रसाद आचार्य | कलैया-४, बारा | संस्थापक |
| ३ | सञ्चालक | श्री हरि बहादुर भण्डारी | भरतपुर-५, चितवन | संस्थापक |
| ४ | सञ्चालक | श्री निरञ्जन प्रसाद न्यौपाने | काठमाण्डौं-९, काठमाण्डौं | संस्थापक |
| ५ | सञ्चालक | श्री भक्तराम खड्का | बुढानीलकण्ठ-४ काठमाण्डौं | सर्वसाधारण |
| ६ | सञ्चालक | श्री अनुपा ओझा | काठमाण्डौं-७, काठमाण्डौं | सर्वसाधारण |

६. **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०८०/०८१ सम्मको वितरणयोग्य मुनाफाबाट हाल कायम कुल चुक्ता पूंजी रु. ५९,९०,९६,७२८/- को ०.२६३१५७९० प्रतिशतले हुन आउने रकम (कर प्रयोजनको लागि) रु. १५,७६,५७०.३७ (अक्षरेपी पन्ध्र लाख छेहत्तर हजार पाँच सय सत्तरी दशमलव तिन सात मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने।**

निर्धारित विषयसूची नं. ४(क.६) मा भएको प्रस्ताव अनुसार कम्पनीको आर्थिक वर्ष २०८०/०८१ को वितरणयोग्य मुनाफाबाट शेयरधनीहरुको हितलाई मध्यनजर गर्दै हाल कायम कुल चुक्ता पूँजी रु. ५९,९०,९६,७२८/- को ५ प्रतिशतले हुन आउने रकम रु. २,९९,५४,८३६.४२ (अक्षरेपी दुई करोड उनान्सय लाख चौवन्न हजार आठ सय छत्तिस दशमलव चार दुई मात्र) बोनस शेयर जारी गर्ने प्रयोजनको लागि कुल चुक्ता पूँजीको ०.२६३१५७९० प्रतिशतले हुन आउने रकम रु. रु. १५,७६,५७०.३७ (अक्षरेपी पन्ध्र लाख छेहत्तर हजार पाँच सय सत्तरी दशमलव तिन सात मात्र) प्रचलित नियमानुसार कर प्रयोजनको लागि नगद लाभांश वितरण गर्ने प्रस्ताव सभाद्वारा ध्वनीमतले पारित गरियो।

**ख. निर्धारित बिशेष प्रस्तावहरु तथा सो उपर भएको निर्णयहरु :**

१. **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०८०/०८१ सम्मको वितरणयोग्य मुनाफाबाट हाल कायम कुल चुक्ता पूंजी रु. ५९,९०,९६,७२८/- को ५ प्रतिशतले हुन आउने रकम रु. २,९९,५४,८३६.४२ (अक्षरेपी दुई करोड उनान्सय लाख चौवन्न हजार आठ सय छत्तिस दशमलव चार दुई मात्र) बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने।**

निर्धारित विषयसूची नं. ४(ख.१) अन्तर्गत रहेको कम्पनीको आर्थिक वर्ष २०८०/०८१ सम्मको वितरणयोग्य मुनाफाबाट शेयरधनीहरुको हितलाई मध्यनजर गर्दै हाल कायम कुल चुक्ता पूँजी रु. ५९,९०,९६,७२८/- को ५ प्रतिशतले हुन आउने रकम रु. २,९९,५४,८३६.४२ (अक्षरेपी दुई करोड उनान्सय लाख चौवन्न हजार आठ सय छत्तिस दशमलव चार दुई मात्र) बोनस शेयर जारी गर्न संचालक समितिबाट प्रस्ताव भई नेपाल राष्ट्र बैकद्वारा समेत स्वीकृत प्राप्त प्रस्तावित बोनस शेयर जारी गर्ने गरी गरिएको विशेष प्रस्ताव उपर सभामा छलफल हुँदा लघुवित्त क्षेत्रमा देखिएको विभिन्न समस्या तथा चुनौतीहरुको बाबजुद शेयरधनीहरुलाई थोरै भए पनि लाभांश प्रदान गर्न सफल भएकोमा मुक्तकण्ठले प्रशंसा गर्दै सभाद्वारा सर्वसम्मतिले पारित गरियो।

२. **वित्तीय संस्थाले कारोवार संचालन गरेको दश वर्ष पुगेको संस्थापक शेयरधनीहरुको संस्थापक शेयर सर्वसाधारण शेयरमा परिणत गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट पूर्व स्वीकृती प्राप्त भए बमोजिम संस्थापक शेयर सर्वसाधारण शेयरमा परिवर्तन गर्ने तथा परिवर्तन पश्चात् कायम हुने शेयर पूँजी संरचना अनुपात संशोधन प्रस्ताव पारित गर्ने।**

निर्धारित विषयसूची नं. ४(ख.२) मा भएको प्रस्ताव अनुसार समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड अन्तर्गतको साविक समता लघुवित्त वित्तीय संस्था लिमिटेडले बैंक तथा वित्तीय संस्था



Samata Gharelu Laghubitta Bittiya Sanstha Limited Estd.2079 Banepa, Kavre

सम्बन्धी ऐन २०६३ को दफा ४७ को उपदफा (४) तथा नेपाल राष्ट्र बैंकबाट जारी अन्य निर्देशन एवम् शर्तहरुको अधिनमा रही मिति २०७० भदौ २ गते देखि वित्तीय कारोवार सञ्चालन गर्ने इजाजतपत्र प्राप्त गरेकोमा मिति २०८० भदौ २ गतेबाट वित्तीय कारोवार संचालन अवधि दश वर्ष पुरा भए बमोजिम बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ११ को उपदफा (४) र नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. १० (१३) मा भएको व्यवस्था बमोजिम कारोवार संचालन गरेको दश वर्ष अवधि पुरा गरेका संस्थापक शेयरधनीहरुको स्वामित्वमा रहेको संस्थापक शेयर मध्ये प्रचलित नियमानुसार एकपटकमा बढीमा १० प्रतिशत बिन्दुले नबढ्ने गरी ३,३६,१६०.२८ कित्ता संस्थापक शेयरलाई सर्वसाधारण शेयरमा परिणत गर्ने गरी पूर्व स्वीकृतीको लागि नेपाल राष्ट्र बैंकमा पेश गरिएकोमा उल्लेखित ३,३६,१६०.२८ कित्ता संस्थापक शेयर सर्वसाधारण शेयरमा परिणत पश्चात् शेयर संरचना अनुपात ६३.८७ : ३६.१३ (संस्थापक : सर्वसाधारण) कायम हुने गरी स्वीकृती प्रदान गरिएकोमा उल्लेखित शेयर संरचना अनुपात कायम हुने गरी संस्थापक शेयरलाई सर्वसाधारण शेयरमा परिवर्तन गर्ने सम्बन्धी विशेष प्रस्तावलाई सभाद्वारा सर्वसम्मतिले पारित गर्दै यस सम्बन्धी आवश्यक प्रक्रिया यथाशिघ्र अघि बढाउने गरी संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय समेत सभाद्वारा पारित गरियो ।

साथै, नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. १० को बुदाँ नं. १३ (ग) मा भएको व्यवस्था बमोजिम संस्थापक शेयरलाई सर्वसाधारण शेयरमा नियमानुसार परिवर्तन गर्दा संस्थापक वा संस्थापक समूहको सेयर स्वामित्व कम्तीमा ५१ प्रतिशत कायमै रहनु पर्ने भन्ने व्यवस्था रहेकोमा हालको Conversion पश्चात् संस्थापक शेयरको अनुपात ६३.८७ प्रतिशत कायम रहने साथै साविक समता लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयरधनीहरुको संस्थापक शेयर नियमानुसार सर्वसाधारण शेयरमा परिणत गर्ने कार्य अझै बाँकी नै रहने हुँदा सोही निर्देशनको निर्देशन नं. १० को बुदाँ नं. १३ (च) मा भएको व्यवस्था बमोजिम एकपटकमा बढिमा १० प्रतिशतको बिन्दुले हुने गरी संस्थापक शेयरलाई सर्वसाधारण शेयरमा परिणत गर्ने गरी दोश्रो पटक नियमानुसार पुर्व स्वीकृतिको लागि नेपाल राष्ट्र बैंकमा प्रक्रिया अघि बढाउने लगायत सोसँग सम्बन्धीत आवश्यक विवरणहरु तयार गर्ने तथा कानूनी कागजातहरु तयार गर्ने, सम्बन्धीत निकायहरुबाट यस सम्बन्धमा कुनै पनि प्रकारको निर्देशन एवम् सूझावहरु प्राप्त भए सो समेत समायोजन गरी पुन: प्रक्रिया अघि बढाउने गरी वित्तीय संस्थाको संचालक समितिलाई अख्तियार प्रत्यायोजन गर्ने निर्णय समेत सभाद्वारा गरियो ।

**३. संचालक समितिका अध्यक्ष तथा संचालकहरुले पाउने भत्ता तथा सुविधा सम्बन्धमा संस्थाको नियमावलीमा संशोधन तथा थप गर्ने प्रस्ताव पारित गर्ने ।**

निर्धारित विषयसूची नं. ४(ख.३) मा भएको प्रस्ताव अनुसार संचालक समितिको अध्यक्ष तथा संचालकहरुले पाउने भत्ता तथा सुविधाहरु मिति २०७७/१२/१८ गते नियमानुसार नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त भई हालसम्म सोही भत्ता तथा अन्य सुविधाहरु लागू भईरहेको र यस अवधिमा बजार अवस्था/मुद्रास्फिति दर अत्याधिक मात्रा बृद्धि भएको तथ्यलाई समेत मध्यनजर गर्दै हाल कायम भत्ता तथा अन्य सुविधाहरु तपसिल बमोजिम कायम हुने गरी नियमावलीको नियम ३२ (१)(ख) मा आवश्यक संशोधनको लागि गरिएको विशेष प्रस्तावलाई सभाद्वारा सर्वसम्मतिले पारित गरियो । साथै, सम्बन्धीत नियामक निकायहरुमा संशोधन सम्बन्धी प्रक्रिया अघि बढाउँन तथा यस सम्बन्धमा कुनै पनि प्रकारको निर्देशन एवम् सुझावहरु प्राप्त भए सो समेत समायोजन गरी नियमानुसार प्रक्रिया अघि बढाउने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने प्रस्ताव समेत सभाद्वारा पारित गरियो ।



Samata Gharelu Laghubitta Bittiya Sanstha Ltd. Estd.2070 Banepa, Kavre

**तपसिल :**

नियम ३२.१(ख) : सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र अन्य सञ्चालकले पाउने बैठक भत्ता क्रमश: रु. ७,०००/- र ६,०००/- हुनेछ। सञ्चार तथा पत्रपत्रिका बापतको खर्च अध्यक्ष र अन्य सञ्चालकलाई मासिक क्रमश: रु. ३,५००/- र रु. ३,०००/- हुनेछ।

**४. वित्तीय संस्थाको प्रवन्धपत्रको दफा ४ र ५ मा वित्तीय संस्थाको उद्देश्य र उद्देश्य प्राप्त गर्न गरिने कार्यहरु थप गर्ने।**

निर्धारित विषयसूची नं. ४(ख.४) मा भएको प्रस्ताव अनुसार नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. ८ को बुदाँ नं. २ मा भएको व्यवस्था बमोजिम वित्तीय संस्थाको विद्यमान पूँजीकोषको अवस्थालाई मध्यनजर गर्दै संस्थागत हित हुने गरी प्रचलित कानूनको अधिनमा रहि भविष्यमा अन्य संगठित संस्थाहरुको शेयर, डिबेञ्चर तथा सामुहिक लगानी कोषमा लगानी सम्बन्धी कार्यहरु गर्ने संभावनालाई मध्यनजर गर्दै वित्तीय संस्थाको प्रवन्धपत्रको दफा ४(छ) र दफा ५(द) मा तपसिल बमोजिमको उद्देश्य तथा उद्देश्य प्राप्त गर्न गरिने कार्यहरु थप गर्ने प्रस्ताव सभाद्वारा ध्वनीमतले पारित गरियो।

**तपसिल :**

**दफा ४.** वित्तीय संस्थाको मुख्य उद्देश्य :

१(छ) संस्थागत हित हुने गरी आवश्यकता बमोजिम अन्य संगठित संस्थाहरुमा लगानी गर्ने।

**दफा ५.** वित्तीय संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कार्यहरु :

(द) प्रचलित कानूनी प्रावधान बमोजिम अन्य संगठित संस्थाहरुको शेयर, डिबेञ्चर तथा सामुहिक लगानी कोषमा लगानी सम्बन्धी कार्यहरु गर्ने।

**५. अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिशन) सम्वन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र गाभ्ने/गाभिने वा प्राप्ति सम्वन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने।**

निर्धारित विषयसूची नं. ४(ख.५) मा भएको प्रस्ताव अनुसार यस वित्तीय संस्थालाई पूँजीगत तथा कार्यक्रमगत दृष्टिकोणले थप दरिलो एवम् उत्कृष्ट लघुवित्त वित्तीय संस्थाको रुपमा स्थापित गराउँनको लागि भविष्यमा अन्य उपयुक्त लघवित्त वित्तीय संस्थाहरुसँग गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिशन) सम्बन्धी सम्झौतापत्र तर्जुमा गर्ने, सम्पत्ति, दायित्व तथा कारोवार मूल्यांकन-DDA गर्ने साथै सम्बन्धीत नियामक निकायहरुद्वारा जारी गरिएको गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी प्रावधानहरु बमोजिम आवश्यक सम्पूर्ण प्रक्रियाहरु पुरा गर्न गराउनका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाद्वारा ध्वनीमतले पारित गरियो।

**६. वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावलीमा आवश्यक संशोधन र सो संशोधन स्वीकृतीको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सूझाव भएमा सोहि बमोजिम गर्न संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने।**

निर्धारित विषयसूची नं. ४(ख.६) मा भएको प्रस्ताव अनुसार माथि उल्लेखित विशेष प्रस्ताव तथा निर्णयहरुमा सम्बन्धीत नियमनकारी निकायहरुबाट स्वीकृति लिने तथा अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन एवम् परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई प्रवन्धपत्र तथा नियमावलीको आवश्यक दफा तथा नियमहरु संशोधन एवम् परिवर्तन गर्ने लगायत सो सँग सम्बन्धी अन्य सम्पूर्ण

कार्य गर्न गराउन संचालक समितिलाई पूर्ण रुपमा अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाद्वारा सर्वसम्मतिले पारित गरियो ।

**ग. विविध**

यस एघारौं वार्षिक साधारण सभाको निर्णयको आधिकारिताका लागि संचालक समितिका अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत र कम्पनी सचिवको हस्ताक्षर मान्य हुने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**१४. वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीको आवश्यक दफा तथा नियम संशोधन प्रयोजनार्थ सभाद्वारा पारित तीन महले विवरण :**

- **प्रवन्धपत्र संशोधन तर्फ :**

| दफा | प्रवन्धपत्रको हालको व्यवस्था | संशोधन प्रस्ताव | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| ४. | **वित्तीय संस्थाको मुख्य उद्देश्य :**<br>(छ) हाल नभएको | **वित्तीय संस्थाको मुख्य उद्देश्य :**<br>(छ) संस्थागत हित हुने गरी आवश्यकता बमोजिम अन्य संगठित संस्थाहरुमा लगानी गर्ने । | एकीकृत निर्देशन २०७९ को निर्देशन नं. ८/०७९ मा भएको संशोधित व्यवस्था बमोजिम संस्थागत हित हुने गरी संस्थाको पुँजीकोषको अवस्थालाई मध्यनजर गर्दै अन्य संगठित संस्थाहरुमा भविष्यमा लगानीको संभावना देखिएकोले । |
| ५. | **वित्तीय संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कार्यहरु :**<br>(द) हाल नभएको | **वित्तीय संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कार्यहरु :**<br>(द) प्रचलित कानूनी प्रावधान बमोजिम अन्य संगठित संस्थाहरुको शेयर, डिबेन्चर तथा सामुहिक लगानी कोषमा लगानी सम्बन्धी कार्यहरु गर्ने । | |
| ६.(ख) | वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पुँजी रु. ५९,९०,९६,७२८.२५ (अक्षरेपी उन्साठ्ठी करोड नव्वे लाख छयानव्वे हजार सात सय अठ्ठाइ मात्र) हुनेछ । सो पूँजीलाई रु. १००/- दरका ५९,९०,९६७२८ (अक्षरेपी उन्साठ्ठी लाख नव्वे हजार नौ सय सतसठ्ठि दशमलव दुई आठ) थान साधारण शेयरमा विभाजन गरिएको छ । | वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पुँजी रु. ६२,९०,५१,५६४.६७ (अक्षरेपी बैसठी करोड नब्बे लाख एकावन्न हजार पाँच सय चौसठी दशमलव छ सात) हुनेछ । सो पूँजीलाई रु. १००/- दरका ६२,९०,५१५.६५ (अक्षरेपी बैसठी लाख नब्बे हजार पाँच सय पन्ध्र दशमलव छ पाँच) थान साधारण शेयरमा विभाजन गरिएको छ । | आर्थिक वर्ष २०८०/०८१ सम्मको वितरणयोग्य मुनाफाबाट कुल चुक्ता पुँजीको ५ प्रतिशतले हुन आउँने बोनस शेयर रकम रु. २,९९,५४,८३६.४२ पुँजीकृत पश्चात् तपसिल बमोजिम जारी र चुक्ता पूँजी कायम हुने भएकोले :<br>• हाल कायम जारी/चुक्ता पुँजी : रु. ५९,९०,९६,७२८.२५<br>• जारी बोनस शेयर : रु. २,९९,५४,८३६.४२<br>**कुल जारी/चुक्ता पुँजी : रु. ६२,९०,५१,५६४.६७** |
| ६.(ग) | वित्तीय संस्थाको चुक्ता पूँजी रु. ५९,९०,९६,७२८.२५ (अक्षरेपी उन्साठ्ठी करोड नव्वे लाख छयानव्वे हजार सात सय | वित्तीय संस्थाको चुक्ता पूँजी रु. ६२,९०,५१,५६४.६७ (अक्षरेपी बैसठी करोड नब्बे लाख एकावन्न हजार पाँच सय चौसठी | |

| दफा | प्रबन्धपत्रको हालको व्यवस्था | संशोधन प्रस्ताव | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| | अठ्ठाइस दशमलव दुई पाँच मात्र) हुनेछ । | दशमलव छ सात) हुनेछ । | |
| ६.(घ) | सर्वसाधारण शेयरधनीहरुलाई "ख" मा वर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ३०.५२ प्रतिशत हुनेछ । | सर्वसाधारण शेयरधनीहरुलाई "ख" मा वर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ३६.१३ प्रतिशत हुनेछ । | वित्तीय संस्थाले कारोवार संचालन गरेको दश वर्ष पुगेको संस्थापक शेयरधनीहरुको संस्थापक शेयर सर्वसाधारण शेयरमा परिणत गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट पूर्व स्वीकृति प्राप्त भई वार्षिक साधारण सभाद्धारा समेत पारित भए बमोजिम संस्थापक शेयर सर्वसाधारण शेयरमा परिवर्तन गरि परिवर्तन पश्चात् कायम हुने शेयर पुँजी संरचना अनुपात तपसिल बमोजिम परिवर्तन हुने भएकोले :<br>**हालको व्यवस्था :**<br>**कुल चुक्ता पुंजी : रु. ५९,९०,९६,७२८/- मध्ये,**<br>संस्थापक शेयर : ४१,६२,३६,३६४/- (६९.४८%)<br>सर्वसाधारण शेयर : १८,२८,६०,३६४/- (३०.५२%)<br>**Conversion पश्चात् :**<br>हाल कायम कुल चुक्ता पुंजी रु. ५९,९०,९६,७२८/- को ५.६१% विन्दुले हुने संस्थापक शेयर सर्वसाधारण शेयरमा परिवर्तन पश्चात् कायम हुने शेयर संरचना : |
| ६.(ङ) | संस्थापक शेयरधनीहरुलाई समूह "क" मा वर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ६९.४८ प्रतिशत हुनेछ । | संस्थापक शेयरधनीहरुलाई समूह "क" मा वर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ६३.८७ प्रतिशत हुनेछ । | क. संस्थापक शेयर (हाल) : रु.४१,६२,३६,३६४/-<br>ख. कुल चुक्ता पुँजीको ५.६१% विन्दुले हुने Conversion शेयर : रु.३,३६,१६,०२८/-<br>**ग. Conversion पश्चात् संस्थापक शेयर (क-ख) : रु. ३८,२६,२०,३३७/- (६३.८७%)**<br>घ. सर्वसाधारण शेयर (हाल) : रु. १८,२८,६०,३६३ /-<br>**ङ. Conversion पश्चात् सर्वसाधारण शेयर (ख+घ) : रु. २१,६४,७६,३९१/- (३६.१३%)**<br>*(आर्थिक वर्ष २०८०/०८१ सम्मको वितरणयोग्य मुनाफाबाट कुल चुक्ता पुँजीको ५ प्रतिशतले हुन आउँने बोनस शेयर रकम रु. २,९९,५४,८३६.४२ लाई संशोधित शेयर स्वामित्व अर्थात संस्थापक ६३.८७% र सर्वसाधारण ३६.१३% बमोजिमको अनुपातमा बाँडफाँड गरिनेछ ।)* |

- **नियमावली संशोधन तर्फ :**

| नियम | नियमावलीमा हालको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|
| ३२ | ३२.१(ख) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र अन्य सञ्चालकले पाउने बैठक भत्ता क्रमश: रु. ५,०००/- र ४,०००/- हुनेछ । सञ्चार तथा पत्रपत्रिका बापतको खर्च अध्यक्ष र अन्य सञ्चालकलाई मासिक क्रमश: रु. ३,०००/- र रु. २,५००/- हुनेछ । | ३२.१(ख) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र अन्य सञ्चालकले पाउने बैठक भत्ता क्रमश: रु. ७,०००/- र ६,०००/- हुनेछ । सञ्चार तथा पत्रपत्रिका बापतको खर्च अध्यक्ष र अन्य सञ्चालकलाई मासिक क्रमश: रु. ३,५००/- र रु. ३,०००/- हुनेछ । | नियमानुसार त्यस बैंकबाट मिति २०७७/१२/१८ गते स्वीकृति प्राप्त भई हालसम्म सोही भत्ता तथा अन्य सुविधाहरु लागू भईरहेको र विद्यमान मुद्रास्फिति दर/बजारको अवस्थालाई समेत मध्यनजर गर्दै हाल कायम भत्ता तथा अन्य सुविधाहरुलाई बृद्धि गर्ने गरी नियमावली संशोधन गर्न आवश्यक देखिएकोले । |

## १५. धन्यवाद ज्ञापन :

यस संस्थाको संचालनमा सहयोग गर्ने नियामक निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि. लगायत सरोकारवाला निकायहरु तथा अन्य व्यक्तित्वहरुलाई धन्यवाद दिने निर्णय गरियो । साथै संस्था संचालनमा प्रत्यक्ष एवम् अप्रत्यक्ष रुपमा सहयोग एवम् सुझाव प्रदान गर्नुहुने सर्म्पूण शेयरधनी महानुभावहरुलाई समेत धन्यवाद सहित आभार प्रकट गर्ने निर्णय गरियो ।

१६. कम्पनी सचिवबाट यस साधारण सभामा समावेश विषयसूचि अर्न्तगतका सम्पूर्ण विषयहरु माथि छलफल तथा निर्णयहरु समाप्त भएको व्यहोरा जानकारी गराए अनुरुप आजको यस साधारण सभा समापन गरिदिनको लागि सभाका सभापति महोदयलाई अनुरोध गरियो ।

१७. विषयसूचीमा रहेका सम्पूर्ण कार्यक्रमहरु समाप्त भएको जानकारी प्राप्त भए पश्चात् सभापति ज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सल्लाह तथा सुझावको लागि हार्दिक धन्यवाद दिनुको साथै यस एघारौं वार्षिक साधारण सभा शान्त एवम् सौहार्दपुर्ण वातावरण र सरल किसिमबाट सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने विभिन्न नियमनकारी तथा सरोकारवाला निकायका प्रतिनिधीहरु, पत्रकार साथीहरु, उपस्थित कार्यरत कर्मचारीहरु लगायत यस साधारण सभाको लागि सभाहल उपलब्ध गराई सहयोग गर्नु हुने मिरावेल रिसोर्ट एण्ड होटल, धुलिखेललाई हार्दिक धन्यवाद ज्ञापन गर्दै यस एघारौं वार्षिक साधारण सभा दिउँसो १:३० बजे समापन गरियो ।

श्री डा. मदन घिमिरे
प्रमुख कार्यकारी अधिकृत

श्री डम्मर मणि थेबे लिम्बु
अध्यक्ष

श्री विश्वराज श्रेष्ठ
कम्पनी सचिव

(सभा सम्पन्न मिति २०८१ साल फागुन महिनाको ११ गते आइतवार तदनुसार फेब्रुवरी २३, २०२५)